नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय
मानवश्रोत व्यवस्थापन विभाग
धर्मपथ, काठमाडौं

## प्रमुख सुरक्षा अधिकृत करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग

प्रथम पटक प्रकाशित मिति २०८०/०२/२६

यस बैंकको लागि आवश्यक निम्न पदमा खुल्ला प्रतियोगीतात्मक परीक्षाद्वारा करारमा भर्ना गर्नुपर्ने भएकोले नेपाली सेना वा भारतीय गोर्खा सेना वा वेलायती गोरखा सेना वा नेपाल सशस्त्र प्रहरी बलबाट अवकाश प्राप्त (प्राविधिक तर्फ सेवा गरेका बाहेक) देहायमा उल्लेख भए अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यता तथा तोकिएको न्यूनतम योग्यता तथा अनुभव सम्बन्धि सम्पूर्ण प्रमाणपत्रहरुको प्रतिलिपी र हालसालै खिचिएको ३ प्रति फोटो सहित यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वकको दरखास्त फारम भरी यस विभागमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

१) विज्ञापन नं. : ०१/२०७९-८०

२) पद : प्रमुख सुरक्षा अधिकृत (तह ८, प्रबन्धक सरह)

३) पद संख्या : १ (एक)

४) सेवाको किसिम : करार

५) न्यूनतम योग्यता :

क) सेनाको प्रमुख सेनानी वा सो सरह।
ख) निवृत्तिभरणमा अवकाश भएको।
ग) सेवाबाट अवकाश भएको ५ बर्ष ननाघेको।
घ) सेवामा छँदा कुनै अभियोग नलागेको।
ङ) उमेर बढीमा ५५ बर्ष ननाघेको।

६) परीक्षाको किसिम : लिखित परीक्षा र अन्तर्वार्ता।

७) तलब तथा सुविधा : बैंकले तोके बमोजिम।

८) परीक्षा शुल्क : परीक्षा शुल्क बापत रु १०००।- (एक हजार) ने.बै.लि. परीक्षा खाता (००२००१००५२२५५९००००००१) मा जम्मा गर्नुपर्नेछ र सो को सक्कल भौचर दरखास्तका साथ पेश गर्नुपर्नेछ । रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको शुल्क फिर्ता हुने छैन।

९) दरखास्त बुझाउने अन्तिम मिति : सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र। अन्तिम मितिमा बिदा पर्न गएमा सोको भोलीपल्ट।

१०) लिखित परीक्षा मिति : २०८०/०३/१५

**पुनश्च :**

क) छनौट भई नियुक्ति गरिएको कर्मचारीहरुले बैंकले खटाएको स्थानमा गई काम गर्नु पर्नेछ।

ख) प्राप्त दरखास्तहरु आंशिक वा पुर्णरुपले कुनै सूचना दिई वा नदिई समेत रद्द गर्न सकिनेछ। छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ।

ग) दरखास्त फारम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस बैंकको Website: https://www.nepalbank.com.np/career बाट डाउनलोड गर्न र हेर्न सकिनेछ।

मुख्य प्रबन्धक